Email: narayan.gadtaula@cdn.tu.edu.np DOI: https://doi.org/10.3126/vangmaya.v18i1.47085

# दर्शन र साहित्य

**डा. नारायण गड्तौला**


## लेखसार

*दर्शन र साहित्य ज्ञानका भिन्न शाखा हुन् । दर्शन ज्ञानप्रधान बौद्धिक वाङ्मय रूप हो भने साहित्य आह्लादप्रधान रागात्मक वाङ्मय कला हो । तत्त्वमीमांसा र ज्ञानमीमांसाको विमर्शमा केन्द्रित दर्शनविधा तर्क एवं कार्यकरणको वस्तुनिष्ठ भाषामा व्यक्त हुन्छ भने साहित्य जीवन जगत्कै सत्यतथ्यलाई कल्पनाको जलपले रङाएर आलङ्कारिक, विरोधाभाषी, लक्षणाव्यञ्जनामूलक भाषामा व्यक्त हुन्छ । यी दुई वाङ्मयका भिन्न विधा भए पनि दर्शन साहित्यबाट अभिव्यक्ति कलाको अपेक्षा गर्दै थोरै कलाको सम्पुटनबाट सम्प्रेष्यताको आलोक प्राप्त गर्दछ भने साहित्य दर्शनको वैचारिकतालाई अन्तःगर्भमा लुकाएर किञ्चित् बौद्धिक तुष्टि प्रदान गर्दछ ।*


**शब्दकुञ्जी :** आत्मा, ईश्वर, माया, चैतन्य ।

## [Philosophy and Literature

**Dr. Narayan Gadtaula**


## Abstract

Philosophy and literature are two different branches of knowledge. Philosophy is a knowledge-oriented intellectual rhetoric form while literature is an ecstatic melodic rhetoric art. Philosophy centers on the discussion of metaphysics and epistemology, which is expressed in the objective language of logic and causality. Literature, however, is expressed in figurative, contradictory and allegorical language by painting the realities of the world of life with the plated of imagination. Although these two genres of rhetoric are different, philosophy receives the light of communicativeness from the collection of art, expecting art of expression from literature, while literature provides a little intellectual satisfaction by hiding the ideology of philosophy in the womb. In this kind of interrelationship, one can see the interdependent relationship between philosophy and literature. The main purpose of this article is to study that relationship. For that, the data has been collected through library work and analyzed in a descriptive and explanatory method. Analyzing the relationship between philosophy and literature in this article, it has been concluded that philosophy is a branch of knowledge-oriented, objective, intellectual, causal, factual rhetoric and literature is a branch of rhetoric based on sentimental, heartfelt, subjective, imaginary truth.


**Keywords:** *Atma, Ishwar, Maya, Chaitanya*]

## विषयप्रवेश

दर्शन र साहित्य वाङ्मयका भिन्न विधा हुन् । दर्शन विचारमूलक, बौद्धिक, कार्यकारणात्मक तर्कनिष्ठ वाङ्मयरूप हो भने साहित्य संवेगमूलक, हार्दिक, विरोधाभासी एवं सौन्दर्यनिष्ठ कलारूप हो । साहित्य वाङ्मय नै भए पनि यसमा वागर्थको असम्पृक्तता वा दुवैको गौणीभवनजन्य सौन्दर्य ग्राह्य र आस्वाद्य छ । त्यसैले साहित्यमा विचार र भाव दुवै कलाको आवरणमा आवृत भएर मात्र व्यञ्जनागम्य हुन्छन् । वस्तुविनाको आवरण खोक्रो हुन्छ भने आवरणविनाको वस्तु कुरूप र नग्न हुन्छ । अतः आवरण वा रूप र वस्तुको परस्पर असम्पृक्तिलाई पूर्वीय तथा पश्चिमी काव्यमनीषीहरू उच्च कला ठान्दछन् । साहित्यको अन्तर्वस्तु भएर दर्शन आउने र दर्शनका निम्ति आवरण बनेर साहित्यले सहयोग पुऱ्याउने हुँदा समग्र वाङ्मयलाई नै ललित कलाको एउटा शाखाका रूपमा व्यवहार गरेको पाइन्छ । यसै सन्दर्भमा इतिहास, राजनीतिशास्त्र, अर्थशास्त्र जस्ता वस्तुनिष्ठ वाङ्मयविधाहरू पनि कला र विज्ञानको उभयात्मक सीमालाई आत्मसात गरेका देखिन्छन् । यहाँ वाङ्मयका विधा मानिने विचारप्रधान दर्शन र सौन्दर्यप्रधान साहित्यको सहचरधर्मी गुणका साथै वैपरीत्य पक्षलाई अध्ययनको एउटा विषय बनाइएको छ । यसका निम्ति 'वीरहरू' निबन्धलाई विश्लेष्य कृतिका रूपमा प्रस्तुत गरिएको छ। लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित 'वीरहरू' "लक्ष्मीनिबन्ध सङ्ग्रह" मा सङ्गृहीत लघु आयामको निबन्ध हो । यसमा वीरहरूलाई प्रस्तुत बनाएर निबन्धकार देवकोटाले पूर्वीय दर्शनले स्थापित गरेका जीवन र जगत्सम्बन्धी गहकिला चिन्तनका माध्यमबाट मानव जीवनको उच्च मूल्य खोजेका छन् । यस निबन्धमा दर्शन कसरी कलावृत हुन पुगेको छ र कला कसरी दर्शन व्यञ्जित गर्न सक्षम छ भन्ने दुवैको पारस्परिकतालाई यहाँ विश्लेषण गरिएको छ ।

## अध्ययनविधि

दर्शन र साहित्यको पारस्परिक सम्बन्ध र साहित्यमा दर्शनको अभिव्यक्तिका युक्तिहरू सहित 'वीरहरू' निबन्धमा पूर्वीय दर्शनको खोजी गरिएको यस लेखलाई अनुसन्धानमूलक बनाउनका निम्ति निश्चित सामग्री सङ्कलन तथा अध्ययन विधिको उपयोग गरिएको छ । यसमा अवलम्बन गरिएका सामग्री सङ्कलन र सङ्कलित सामग्रीको विश्लेषण विधिलाई छुट्टाछुट्टै शीर्षकमा उल्लेख गरिएको छ ।

## सामग्री सङ्कलनविधि

प्रस्तुत अनुसन्धानका निम्ति दर्शन र साहित्यसम्बन्धी सामग्रीहरू प्राथमिक र द्वितीयक उभयात्मक प्रकृतिका छन्। दर्शनको स्वरूप निरूपणका निम्ति दर्शनविषयक सामग्री नै प्राथमिक प्रकृतिका छन् भने साहित्य विश्लेषणका सन्दर्भमा ती द्वितीयक सामग्रीका रूपमा रहेका छन् । यसै गरी दर्शनको साहित्यिक अभिव्यक्तिलाई स्पष्ट गर्न प्रस्तुत गरिएको देवकोटाद्वारा लिखित 'वीरहरू' निबन्ध पनि प्राथमिक सामग्रीको रूपमा रहेको छ । यी दुवै सामग्रीका बारेमा भएका समीक्षात्मक कृतिहरूलाई प्रस्तुत अनुसन्धेय विषयलाई पुष्टि वा खण्डन मण्डन गर्नका निम्ति द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यहाँ प्रयोग गरिएका सामग्रीहरूको मुख्य स्रोत पुस्तकालय नै रहेको छ ।

### विश्लेषणको विधि

दर्शन र साहित्यको अन्योन्याश्रित सहसम्बन्ध निरूपण गर्नका निम्ति मूलतः यी दुईबिचको सादृश्य सम्बन्ध र विपरीतधर्मितालाई आधार मानिएको छ । यी दुईको स्वरूप, विषयवस्तु, कथ्य एवं उद्देश्यगत समानता र भिन्नतालाई आधार मानेर तुलनात्मक, व्याख्या एवं विश्लेषणात्मक विधिको उपयोग गरी यी दुईबिच देखिने पारस्परिक सम्बन्ध निरूपण गरिएको छ ।

## दर्शन र साहित्यको सम्बन्ध

संस्कृत भाषाको 'दर्शन' शब्द पाणिनीय 'दृशिर् प्रेक्षणे' धातुमा पाणिनिकै अष्टाध्यायीअन्तर्गत तेस्रो अध्यायको ११५ औँ सूत्र 'ल्युट् च' ले भाव अर्थमा 'ल्युट्' प्रत्यय लागेर ल्युट्का स्थानमा 'अन' आदेश भई बनेको हो । दर्शन शब्दको धातुगत मूल अर्थलाई केलाउँदा राम्रोसँग हेर्नु वा नियालेर हेर्नु भन्ने अर्थ देखिन्छ । दर्शन भाव अर्थात् क्रिया प्रधान भएको हुँदा यसमा कर्तृत्व र करण वा साधन अर्थ गौण बन्न पुग्दछन् । पूर्वीय व्यावहारिक जीवनमा ईश्वरको दर्शन, सन्त महात्माहरू वा मन्दिर आदिको दर्शनमा हुने हेराइ बाहिरी चर्मचक्षुजन्य नभएर अन्तस्करणबाट हुने भावगत हेराइका अर्थमा नै निहित देखिन्छ। यसमा साधन रूप आँखा र कर्तारूप व्यक्ति गौण बन्न जान्छन् । उसमा स्वयंभूत अन्तःप्रज्ञा जागृत भएर ईश्वर, महात्मा, जीवन, जगत् आदिका बारेमा घटित भएको दृष्टिविशेष नै दर्शनका रूपमा व्याख्यायित हुन पुग्दछ ।

दर्शन शब्दको अङ्ग्रेजी पर्यायवाची 'फिलोसफी' (Philosophy) शब्द हो । 'फिलोसफी' ग्रिसेली 'फिलोसफिया' शब्दबाट व्युत्पन्न भएको हो र यसको अर्थ ज्ञानको प्रेम भन्ने हुन्छ (माउटनर, सन् २००४, पृ. ३२०)। ग्रिसेली भाषाको 'फिलिएन' धातुबाट निष्पन्न 'फिलोस' शब्दको अर्थ प्रेम भन्ने हुन्छ भने 'सफिया' शब्दको अर्थ प्रज्ञा वा ज्ञान भन्ने हुन्छ (कोलम्यान, सन् २००५, पृ. ५५४)। 'फिलोसफी' शब्दको व्युत्पत्तिगत अर्थ ज्ञान वा प्रज्ञाको मोह अथवा प्रेम भन्ने देखिए पनि अर्थ सङ्कुचन हुँदै यस शब्दले निश्चित ज्ञान धारालाई बुझाउँछ ।

पूर्वीय तथा पाश्चात्य दर्शनको इतिहास प्राचीन भए पनि यसका विषयमा समीक्षात्मक चिन्तन गर्ने परम्परा पश्चिमबाट भएको देखिन्छ । पश्चिममा दर्शन शब्दको प्रयोग गर्ने प्रथम व्यक्ति पाइथागोरस मानिन्छन् र त्यसपछि दर्शनका अर्थ, प्रयोजन आदिका बारेमा निरन्तर चिन्तन हुँदै आएको देखिन्छ । यहाँ *इन्साइक्लोपिडिया अफ रिलिजन* (सन् १९५३) मा सङ्गृहीत दर्शन सम्बन्धी केही परिभाषाहरूलाई प्रस्तुत गरिएको छ ।

दर्शनको लक्ष्य मुक्ति हो । – पाइथागोरस

दर्शनको कार्य धारणालाई स्पष्ट बनाउनु हो । – सुकरात

दर्शनको विषय तथ्य वा परम सत्यको प्राप्ति हो । – प्लेटो

दर्शनको प्रयोजन ज्ञानको पूर्णता वा कार्यकारणको ज्ञान हो । – एरिस्टोटल

दर्शनको लक्ष्य परम सत्यको प्रकाशन हो । – डेकार्ट

दर्शनले निर्विवादरूपमा परम् सत्यलाई प्रस्तुत गर्दछ । – हिगेल

साहित्य शब्दको अर्थ सहभाव वा साहचर्य भाव भन्ने हुन्छ । शब्द एवं अर्थको सहभावका तात्पर्यमा साहित्य शब्द उपयोग हुँदै आएको छ । ललित कलाअन्तर्गत वाङ्मय कलाका रूपमा परिचित साहित्य शब्द र अर्थको कला हो ।

पूर्वीय चिन्तनमा साहित्यलाई हेर्ने अलङ्कारवादी र रसवादी गरी दुई ओटा प्रमुख धार देखापर्दछन् । "शब्दार्थौ सहितौ काव्यम्" (काव्यालङ्कार, १/१६) अर्थात् शब्द र अर्थको सहभाव नै काव्य हो भन्ने भामहको अलङ्कारवादी धारमा वामन, आनन्दवर्धन, कुन्तक आदि पर्दछन् । "वाक्यं रसात्मकं काव्यं" (साहित्यदर्पण, १/३) अर्थात् रसमय वाक्य काव्य हो भन्ने विश्वनाथको रसवादी धारमा आनन्दवर्धन, अभिनव गुप्त, जगन्नाथ, राजशेखर आदि पर्दछन् ।

साहित्यलाई बुझाउने अङ्ग्रेजी 'लिटरेचर' शब्द ल्याटिन 'लिटरेतुरा' (litteratura) बाट बनेको हो । ल्याटिन 'लिटरेतुरा' शब्दको मूलमा रहेको 'लितरा' (litera) को अर्थ वाङ्मय भन्ने देखिन्छ तर पछि अठारौँ शताब्दीमा आएर अङ्ग्रेजी 'लिटरेचर' शब्द साहित्यका सन्दर्भमा सीमित भएको देखिन्छ । विलियम हेनरी हड्सनका अनुसार समग्रमा भाषाका माध्यमले जीवनको

अभिव्यक्ति नै साहित्य हो (हड्सन, सन् १९९१, पृ. १०) । मैथ्यु आर्नोल्डका अनुसार संसारमा सबैभन्दा सुन्दर वा उत्तम भनेर चिनिने र भनिने वस्तु नै साहित्य हो (विडोसन, सन् २००४, पृ. ४) ।

वाङ्मयका अनेक शाखाहरूमा साहित्य र दर्शन भिन्न शाखा हुन् । यिनको विषय, प्रयोजन र प्रस्तुति पनि भिन्न हुन्छ । साहित्य आनन्दमूलक हुन्छ भने दर्शन ज्ञानमूलक हुन्छ । आदिम जङ्गली मानवबाट नै कवितात्मक प्रज्ञाको उत्पत्ति भएको हो र त्यो प्रज्ञा आजको जस्तो तार्किक र बौद्धिक नभएर अनुभूति र कल्पनामय थियो, त्यो आदिम कवितात्मक प्रज्ञा तत्कालीन मानिसका निम्ति तत्त्वमीमांसा नै थियो (विको, सन् १९९२, पृ. २९२) ।

पूर्वीय र पश्चिमी मिथक शास्त्रको अनुशीलनबाट आदिम मानवले प्रकृति, ब्रह्माण्ड र समाजसँग अन्तर्क्रिया गर्दा प्राप्त गरेका तथ्यलाई कवितात्मक र मिथकीय भाषामा व्यक्त गरेको देखिन्छ । प्राकृतिक सत्यतथ्यलाई मिथक, प्रतीक, बिम्ब, उपमान, रूपक, मानवीकरण, दैवीकरण, चैतन्यीकरण जस्ता विभिन्न काव्यात्मक शिल्पका माध्यमले व्यक्त गर्ने आदिम मानवको ज्ञानमीमांसा, तत्त्वमीमांसा एवं चिन्तन नै कवितात्मक किसिमको देखिन्छ । प्राचीनतम ग्रन्थ मानिने ऋग्वेद काव्यमय अभिव्यक्ति हो र यसमा पनि प्राचीन मानवले आत्मसात् गरेका प्रकृति, ब्रह्माण्ड र चैतन्य तत्त्वविषय चिन्तन पाइन्छन् । वेद ज्ञानमूलक र ज्ञानकै बोधक मानिन्छन् । म्याक्समुलरका अनुसार ऋग्वेद आदिम अवस्थामा प्रज्ञामूलक भन्दा काव्यात्मक किसिमको थियो ।

पश्चिमी परम्परामा हेरोडोटसका इतिहास र एम्पिडोकल्सका विज्ञान पनि कवितामय भाषिक अभिव्यक्ति भएको मानिन्छ तर ज्ञान मीमांसाका दृष्टिले काव्य प्राचीन कालदेखि नै द्वितीय श्रेणीमा रहेको छ । काव्यको मुख्य प्रयोजन ज्ञानमीमांसा नभएर आनन्द, आह्लाद र रागरञ्जन नै मानिन्छ । त्यसैले प्लेटोले ज्ञानका दृष्टिबाट नै साहित्यलाई आफ्नो गणराज्यबाट निकाल्ने निर्णय गरेका हुन् । साहित्य ज्ञानप्रदायक बुद्धिप्रधान वाङ्मय नभएर आह्लादकारी हृदयप्रधान वाङ्मय रहेको देखिन्छ ।

पूर्वीय तथा पाश्चात्य समीक्षा परम्परामा काव्यको प्रयोजन आनन्द, ज्ञान, व्यवहार आदि अनेक मानेको देखिन्छ। भरतले नाट्यशास्त्रलाई 'नाट्यवेदः कथं ब्रह्न्नुत्पन्नः कस्य वा कृते' (नाट्यशास्त्र, १/४) भनेर वेदकै संज्ञा दिएका छन् । भरतले नाटकको प्रयोजन बताउँदै 'धर्म्यं यशस्यमायुष्यं हितं बुद्धिविवर्धनम् । लोकोपदेशजननं नाट्यमेतद्भविष्यति' (नाट्यशास्त्र, १/११५) भनेर बुद्धि बढाउने कारकका रूपमा पनि नाटकलाई स्विकारेका छन्। भामहले काव्य प्रयोजनमा धर्म, अर्थ, काम र मोक्ष जस्ता पुरुषार्थलाई लिएका छन् (काव्यालङ्कार, १/२) । जसरी दर्शनले मानवीय मुक्तिको साधन र उपाय बताउँछ त्यसरी नै साहित्य पनि मानव मुक्तिका निम्ति साधन बन्न सक्छ भन्ने यस कथनबाट देखिन्छ । भामहले काव्यका विषयको चर्चा गर्ने क्रममा काव्यीय विषयको व्यापकतालाई देखाएका छन् । जस्तो :

शब्दच्छन्दोऽभिधानार्था इतिहासाश्रयाः कथाः ।

लोको युक्तिकलाश्चेति मन्तव्याः काव्यगैर्ह्यमी (काव्यालङ्कार, १/९) ।

अर्थात् काव्य प्रणयनका निम्ति शब्दशास्त्र (व्याकरण), छन्द, शब्दकोश, इतिहास एवं पुराणका कथा, लोकव्यवहार, तर्कशास्त्र, कलाजस्ता विषय आवश्यक छन् । भामहको यस कथनमा तर्कशास्त्रसहित विभिन्न शास्त्रको काव्यको भूमिका रहने कुरा देखाएर काव्य दर्शनसँग पनि सम्बन्धित रहेको देखाइएको छ ।

राममूर्ति त्रिपाठीका अनुसार साहित्य जीवनको कलात्मक उद्रेखण हो र साहित्यमा दृष्टिपूर्वक जीवन व्यक्त भएको हुन्छ । साथै दृष्टि भनेको दर्शन हो त्यसैले दर्शन र साहित्य आपसमा सम्बद्ध छन् (त्रिपाठी, सन् १९९९, पृ. २०४) । उनका अनुसार साहित्यले जीवनको भावोत्तेजक वर्णन गर्दछ भने दर्शनले बोधात्मक पक्षको

चित्रण गर्दछ । त्यसैले दर्शन प्रबोध पर्यवसायी हुन्छ भने साहित्य सौन्दर्य पर्यवसायी हुन्छ (त्रिपाठी, सन् १९९९, पृ. २०६) ।

पूर्वीय काव्यशास्त्रीहरूले साहित्य सिर्जनाको कारक तत्त्व प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई स्विकारेका छन् । यसमा प्रतिभा सहज ज्ञान वा स्फुरणसँग सम्बन्धित देखिन्छ भने व्युत्पत्तिले शास्त्रीय ज्ञान, दृष्टि वा दर्शनको अपेक्षा गरेको देखिन्छ । साहित्यको कारणभूत व्युत्पत्तिले काव्यमा दर्शनको प्रमुख स्थान नभए पनि अपेक्षालाई भने अङ्कीकार गरेको देखिन्छ ।

रामानन्द गिरीका अनुसार साहित्य सत्यको अनुकरण हो भने दर्शन सत्यको अनुसन्धान हो । उनका अनुसार साहित्यमा जतिसुकै संवेग र भावना भए पनि साहित्यको नसा नसामा दर्शनको रगत बगेको हुन्छ (गिरी, २०५५, पृ. ७–८) । साहित्य र दर्शनको गन्तव्य एउटै भए पनि गन्तव्यमा पुग्ने पद्धति देखिन्छ । दर्शन विचार, धारणा र विधिसँग सम्बन्धित रहेर ज्ञानको खोजी गर्ने शास्त्र हो भने साहित्यमा व्यक्तिका संवेग, अनुभव, संस्कार काव्यमय भएर प्रकट हुन्छन् । जीवनजगत्का तथ्यहरू पनि वैयक्तिक रागमा रञ्जित भएर प्रस्तुत हुने हुँदा साहित्य दर्शनभन्दा भिन्न देखिन्छ ।

साहित्यमा विचार वा दर्शनको उपस्थिति अनिवार्य भए पनि त्यो गौण मानिन्छ । त्यसैले राममूर्ति त्रिपाठी साहित्य र दर्शनको तुलना गर्दै मनोवृत्ति वा भाव काव्यमा रानी हुन्छे भने बुद्धि दासी हुन्छे भन्ने धारणा व्यक्त गर्दछन् (त्रिपाठी, सन् १९९९, पृ. २०७) । साहित्य भावप्रधान विधा हो जसमा भावलाई सौन्दर्यात्मक प्रकटीकरण गरिन्छ । भावलाई उद्दीप्त गर्न नै अन्य विचार, दर्शन आदि साधन भएर आउने गर्दछन् । अतः साहित्यमा दर्शनको उपस्थिति भाव उद्दीप्त गर्ने साधनका रूपमा लिइन्छ ।

दर्शन र साहित्य वाङ्मयका छुट्टै विधा भएकाले तिनमा भिन्नताहरू देखिन्छन् । तिनलाई तल देखाइएको छ :

| क.सं. | दर्शन | साहित्य |
|---|---|---|
| १ | यो तत्त्व विवेचनसँग सम्बन्धित छ । | यो भाव प्रकटीकरणसँग सम्बन्धित छ । |
| २ | यो वस्तुगत अभिव्यक्ति हो । | यो आत्मगत अभिव्यक्ति हो । |
| ३ | यो बुद्धिनिष्ठ छ । | यो मनोवृत्तिनिष्ठ वा कल्पना निष्ठ छ । |
| ४ | यसमा अर्थको प्राधान्य हुन्छ । | यसमा शब्दार्थ नै गौण हुन्छन् । |
| ५ | यो प्रत्यक्षात्मक कथनमा हुन्छ । | यो परोक्षात्मक कथनमा हुन्छ । |
| ६ | यो सत्यनिष्ठ हुन्छ । | यो सौन्दर्यनिष्ठ हुन्छ । |
| ७ | यो बुद्धिग्राह्य छ । | यो हृदयग्राह्य छ । |
| ८ | यो चेतनको अभिव्यक्ति हो । | यो अचेतनको अभिव्यक्ति हो । |
| ९ | यो तार्किक शैलीमा हुन्छ । | यो आलङ्कारिक शैलीमा हुन्छ । |
| ११० | यसको भाषा यथार्थमूलक, कार्य कारणात्मक, स्पष्ट, वस्तुनिष्ठ र अभिधेय हुन्छ । | यसको भाषा सम्भाव्य, विरोधाभाषी, रहस्यात्मक लक्षणा र व्यञ्जनाले युक्त हुन्छ । |
| १११ | वस्तुलाई वस्तुका रूपमा नै चित्रण गरिन्छ । | वस्तुलाई चैतन्यीकरण, मानवीकरण र दैवीकरण गरिन्छ । |

उपर्युक्त गुण दर्शन र साहित्यका भिन्नतामा आधारित छन् तर यिनमा आपसी गुणको प्रभाव रहने गर्दछ ।

## दर्शनलाई निबन्ध कलामा रूपान्तरण गर्ने युक्तिहरू

दर्शनका विषयलाई प्रस्तुत गर्ने साहित्यिक युक्तिहरू हुन्छन् र तिनै युक्तिहरूले साहित्यलाई दर्शनभन्दा भिन्न बनाउँछन् । यिनै युक्तिका कारणले दर्शनको पठन र साहित्यको पठनगत आनन्द पनि भिन्न हुने गर्दछ । स्लेगेलका अनुसार दर्शन र साहित्य दुवै कहिल्यै एउटै हुन सक्तैनन्, कि त दर्शन हुन्छ कि त साहित्य (स्लेगेल, सन् १९९२, पृ. ४२९) । यस्तै 'वीरहरू' पनि दर्शन होइन तर यसमा दर्शनको पर्याप्त प्रभाव परेको छ ।

'वीरहरू' निबन्ध *लक्ष्मी निबन्ध सङ्ग्रह* (२००२) मा सङ्गृहीत लघु आयामको निबन्ध हो । यसमा देशका निम्ति जीवन अर्पण गर्ने वीरहरूको वीरतालाई मुख्य विषय बनाएर निबन्धकार देवकोटाले जीवन र जगत्प्रतिको दृष्टिकोण प्रस्तुत गरेका छन् । देवकोटाले यस निबन्धमा जुन किसिमको दर्शन अभिव्यक्त गरेका छन् त्यो मूलतः पूर्वीय दर्शनले स्थापित गरेका मान्यता नै हुन् । जन्म, मृत्यु, भोग, समर्पण, इह, पर, बन्धन, मोक्ष, शरीर, आत्मा जस्ता दर्शनशास्त्रमा मन्थन हुने विषयलाई वीरको त्याग एवं वीरोचित चैतन्यसँग समीकरण गर्दै यहाँ निबन्धको वैचारिक पृष्ठभूमि निर्माण गरिएको छ । यहाँ यी दार्शनिक विषयको कलात्मक उद्रेखणका निम्ति अवलम्बन गरिएका युक्तिसहित निबन्धमा अभिव्यक्त दर्शन पक्षको विश्लेषण गरिएको छ ।

निबन्धकार देवकोटाले पूर्वीय परम्पराबाट प्राप्त जीवन र जगत्सम्बन्धी गूढ दार्शनिक चिन्तनलाई निश्चित युक्तिहरूद्वारा प्रस्तुत गरेका छन् जसले गर्दा यो दर्शन नभएर निबन्धकला बन्न पुगेको छ । यसमा दर्शनलाई निबन्ध बनाउने युक्तिहरू निम्न लिखित छन् :

(क) परोक्षात्मकता
(ख) रागात्मकता
(ग) अलङ्करण
(घ) कल्पनाशीलता
(ङ) व्यञ्जनाधर्मिता
(च) आत्मपरकता

यी युक्तिले नै 'वीरहरू' दर्शनमूलक भए पनि निबन्धका रूपमा व्यवहृत भएको छ । यहाँ यी प्रत्येक युक्तिहरूको परिचयसहित निबन्धसँग समीकृत गरी विश्लेषण गरिएको छ ।

### परोक्षात्मकता

दर्शनका विषय मानिने उपर्युक्त जन्म, मृत्यु, भोग जस्ता विषयलाई प्रस्तुत गर्ने महत्त्वपूर्ण युक्ति परोक्षात्मकता हो । यहाँ प्रत्यक्ष रूपमा वीरहरूको वीरतालाई उपस्थापन गरेर त्यसैको वर्णन गरिए पनि परोक्षरूपमा जीवन भोग, शरीर, कायरता, कीर्ति, इहलोक आदिभन्दा पर रहेको दृष्टिकोण प्रकट भएको छ । निबन्धको आद्यन्त वीरको कार्य, तिनको मानसिकता, त्याग, समर्पण आदिको प्रशंसा वर्णन र अरूहरूको कायरता, दीनहीनता, जीवन घस्राइ जस्ता वीरताको प्रतिकूल वर्णन दुई प्रत्यक्ष विषय बनेका छन् । यी प्रत्यक्ष विषयको गर्भमा परोक्ष वृत्ति निहित भएकाले दर्शनलाई कलामा अभिव्यक्त गर्ने युक्तिका रूपमा परोक्षात्मकतालाई अवलम्बन गरिएको छ ।

### रागात्मकता

दर्शनलाई संवेगात्मक रूपमा प्रस्तुत गरेर कलाको आवरणले आवृत्त गर्नु अर्को युक्ति देखिन्छ । दर्शनको विषय स्वयंमा बुद्धिग्राह्य र चिन्तनमूलक छ तर साहित्य हृद्य एवं संवेद्य छ । त्यसैले बौद्धिक विषयलाई राग अर्थात् संवेगको विषय बनाएर रस्य वा आस्वाद्य बनाउने कार्य एउटा युक्ति भएको छ । यसमा निबन्धकारले वस्तु सत्य (दर्शन विषय) लाई रागको विषय बनाएर पाठकको रागसँग तादात्म्यीकृत गरेका छन् र मम्मटले भनेझैं संवेगको सीमित अनुभवलाई विगलन (परिमितप्रमातृभावविगलन) गरी सीमित संवेगलाई व्यापक र उदात्त बनाएको देखिन्छ ।

**अलङ्करण**

'वीरहरू' निबन्धमा दर्शनजस्तो वस्तुनिष्ठ विषयलाई कलाको आवरणमा प्रस्तुत गर्ने एउटा युक्ति अलङ्करण पनि हो । दर्शन वस्तुको सोझो अभिव्यक्ति हो तर यहाँ साहित्यका रूपमा वस्तुलाई अप्रस्तुत विधान, उत्प्रेक्षा, प्रश्न, अतिशयोक्ति, पर्यायोक्ति, भाविक जस्ता अलङ्कारका माध्यमबाट कलाको रूप प्रदान गरिएको छ ।

**कल्पनाशीलता**

कल्पना तत्त्व साहित्यको मुख्य धर्म नै हो । दर्शनले बौद्धिक एवं तर्कद्वारा स्थापित गरेका इहलोक, ईश्वर, आत्मा, बन्धन, मोक्ष आदि अनेक पक्षलाई कल्पनाद्वारा ग्राह्य बनाउनु देवकोटाको निबन्धगत चातुर्य हो ।

**व्यञ्जनाधर्मिता**

कार्यकारणमूलक एवं यथार्थपरक दर्शनको विषयलाई निबन्धकार देवकोटाले व्यञ्जनाधर्मी युक्तिद्वारा कलात्मक बान्की दिएका छन् । चैतन्य, स्वर्गीयता, त्रिविध ऋणबाट मुक्ति, त्याग, पार्थिवता जस्ता विषयप्रतिको उच्च चेतनाद्वारा मानव जीवन सार्थक पार्नु पर्ने जीवनदृष्टि यहाँ अभिधेय तहमा नभएर व्यञ्जनाबाट गम्य देखिन्छ । मानव हुनुको सच्चा पराक्रम देह र गेहको भरणपोषणबाट उठेर मात्र प्राप्त गर्न सकिने दार्शनिक मान्यतालाई व्यञ्जनामूलक कथनद्वारा यहाँ प्रकट गरिएको छ ।

**आत्मपरकता**

देवकोटाले आफ्ना निबन्धमा दर्शनको विषयलाई आत्मानुभूतिको विषय बनाएर दर्शनलाई सहज, संवेद्य एवं आस्वाद्य बनाएका छन् ।

## 'वीरहरू' निबन्धमा दर्शनको अभिव्यक्ति

'वीरहरू' निबन्धमा वेदान्त दर्शनले प्रतिपादन गरेको आत्मचैतन्य र त्यसको देशकालातीत अस्तित्वको स्वीकृति मुख्य दर्शनका रूपमा रहेको छ । नश्वर पाञ्चभौतिक देह धारण गर्ने प्राणीहरूमा मानव चैतन्य सर्वोच्चतालाई स्विकार्दै यो सीमित देह र गेहको परिधिमा रहेर भौतिक परितृप्तिमा रम्ने प्राणी होइन भन्ने मुख्य चिन्तन निबन्धमा अभिव्यक्त भएको छ । वीरहरूलाई माध्यम बनाएर मेद, मज्जा, रगत आदिले बनेको क्षणभङ्गूर शरीरलाई भरण पोषण गर्ने देहात्माभिमानीहरूलाई कायरको संज्ञा दिँदै त्यसले आत्मपतन गराउने विचार यहाँ प्रकट भएको छ । निबन्धमा प्रकट दर्शनको यही केन्द्रीय विचारलाई केही शीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

**इह र परको अभिव्यक्ति**

'इह' भन्नाले देश, काल र कारणसँग आबद्ध वस्तु जगत् हो भन्ने वेदान्त दर्शनको मान्यता रहेको छ (राधाकृष्णन्, सन् २००८, पृ. ४५६) । यस किसिमको भौतिक सत्तालाई व्यावहारिक सत्ताका रूपमा लिएर शङ्कराचार्यले यसको मिथ्यात्व कल्पना गरेका छन् । उनको प्रसिद्ध कथन "ब्रह्म सत्यं जगन्मिथ्या" ले यथार्थभासित जगत्लाई असत्य मानेर देशकालअतीत एवं कारणरहित 'ब्रह्म' सत्तालाई स्थायी एवं परम सत्ता मानेको देखिन्छ । देवकोटा यसैलाई वीज विचार मानेर वीरको अपार्थिव गुणको महत्त्व गायन गर्दछन्; जस्तो :

> सच्चा वीरमा विश्वासको जादू हुन्छ । ऊ एक झिलिकमा पुरुषार्थ देख्तछ । दुश्मनको हाँकमा भन्दा अमरत्वको सहज विश्वासमा वीरको सच्चा टुना छ । ऊ ! आत्मा उचालियो ! खुट्टा पृथ्वीबाट उठे, समुचा जीवन झल्कियो ! उसले सत्य देख्यो । एकै निमेषभर पनि अनन्तको अमृत चाख्यो ! अनि हेर, दुई सय करोडका आँखा आश्चर्यमा टुल्टुलाए । ऊ मान्छेभन्दा कति माथि एक निमेषको पखेटमा उड्दछ ।

यहाँ वीरले देशकालमा बन्धित भौतिक वस्तुलाई नश्वर ठानेर त्यसभन्दा परको सत्तालाई देखेको छ त्यसैले ऊ दुई करोड मान्छेभन्दा भिन्न छ । ऊ पृथ्वीबाट उठेको छ र अमृतभोजी बनेको छ । आदि, अन्त्यरहित, स्थान, कालभन्दा अतीतको अनन्ततालाई देख्ने वीर नै देवकोटाका

दृष्टिमा सच्चा वीर हो । कथनमा परोक्षात्मकता निहित छ र व्यञ्जनाधर्मी एवं विरोधाभाषी उक्ति चातुर्य लुकेको छ । एकातिर वीरको वर्णनमा वेदान्त दर्शनले स्थापित गरेको अपार्थिव चेतना र त्यसको अमरत्व एवं ब्रह्मत्व (व्यापकत्व) चिन्तन छ भने अर्कातिर देश, जाति वा मानवताका निम्ति मरिमेट्ने महान् आत्माको प्रशंसा व्यञ्जित छ । वीरलाई वेदान्त दर्शनले प्रतिपादन गरेको आत्माको निर्मल्य, शुद्ध, पवित्र आदि अनेक गुणले विभूषित गरिएको छ । एकातिर आत्माको अनश्वरता र अर्कातिर देशका निम्ति वलिदानी दुवै विरोधाभाषी रूप मूलतः साहित्यको साहित्यिकता नै हो । सत्याभाषी दर्शनभन्दा यही व्यञ्जनाधर्मी र विरोधाभाषी गुणमा नै साहित्यले आफ्नो रूप सजाउँछ । अभिधेय तहमा परको महत्त्व देखिन्छ भने व्यञ्जना तहमा त्यो परको कल्पित सौन्दर्यलाई यही जीवनमा, यही देशमा र यही कालमा अवतरण गराउन चाहने परम चैतन्यबोधी महान् आत्माको प्रशंसा गायन यहाँ हुन पुगेको छ ।

## जन्म र मृत्यु

दार्शनिकहरूलाई सर्वाधिक प्रभाव पार्ने तत्त्व जन्म र मृत्यु हो त्यसैले पूर्वीय तत्त्ववेत्ता मनीषीहरू यसका बारेमा सोच्नु व्यर्थ ठान्दछन्; जस्तो :

> जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।
> तस्मादपरिहार्यार्थे न त्वं शोचितुमर्हषि ॥ (गीता, २/२७)

जन्मनेमात्रको मृत्यु र मर्नेमात्रको जन्म अवश्यंभावी भएकाले जन्म र मृत्युका बारेमा शोक गर्नु व्यर्थ छ भन्ने उक्त श्लोकले मानवको सबभन्दा ठुलो समस्यालाई समाधान गर्ने प्रयास गरेको छ । देवकोटा त्यस जन्मलाई सार्थक ठान्दछन् जसले अरूका निम्ति मृत्यु वरण गर्दछ र त्यसै मृत्युका निम्ति स्वर्ग छ भन्ने उनको चिन्तन छ । सत्य र न्यायका निम्ति गाण्डीव लिएर महाभारतको युद्धमा उत्रेका अर्जुनमा देह र गेहको स्नेहले उत्पन्न कायरता निवारण गर्न कृष्णले गीताको उच्च चैतन्य व्यक्त गरेका थिए । "हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्षसे महिम्" (२/३७) भन्ने गीताको उद्घोष जस्तै "तिनीहरू पोस्तछन् स्वर्गबाट- जहाँ तिनका हातमा अप्सराहरू अमृतका प्याला चढाएर पर्खिरहन्छन् ।" भन्ने देवकोटेली कथनमा दूरी छैन । जन्म र मृत्युको अनिवार्यतामा जिजीविषा चाहिं मूल्यहीन हो कि भन्ने लाग्दछ । कतिपय सन्दर्भमा जिजीविषाभन्दा मृत्यु नै महान् छ भन्ने कुरालाई देवकोटा व्यक्त गर्दछन्; जस्तो :

> मेरो स्वार्थले सबै क्षणहरू फुस्रो धुस्रो बनाएको र तिनका टुनामा ध्वाँसो हालेको हो । के अस्ति भैंचालो गएन ? के एउटा केटाकेटी एक घरको भग्नावशेष पनि रोइरहेको थिएन ? मैले ती सुन्दर क्षणका आवाजहरू पनि पन्छाउँदै लोलुपताको बधिरता ग्रहण गर्ने राह लिएको थिएँ । के त्यो दिन आत्मा मसँग पुकार गरिरहेको थिएन ? त्यो पेटको भोको र आशाले वञ्चित ? मसँग धन थियो । ममा आत्मबल थिएन । ज्यान दिनुभन्दा सर्वस्व दिनु ठूलो कुरो हो र मलाई घिनलाग्दो लोलुपताले अघि सर्न दिएन । अस्तिमात्र मैले फोस्रो इज्जतका निम्ति भूठो बोलें ! ममा वीरताको ताज लगाउने जोश थिएन ।

यहाँ पनि प्रत्यक्ष रूपमा मृत्युको चिन्तन पाइँदैन तर परोक्ष रूपमा लोलुपतापूर्ण, बधिरतायुक्त, फोस्रो इज्जत, वीरताको ताज जस्ता पद पदावलीले निकृष्ट जीवनको प्रत्यक्ष निन्दा र वीरले वरण गरेको मृत्युलाई प्रशंसा गरिएको छ । मृत्यु त्रास होइन बरु उपयुक्त मृत्यु जीवनभन्दा महनीय हुने दार्शनिक विचार प्रकट गरेर व्यञ्जनाको तहमा निरङ्कुश एकतन्त्रीय शासन व्यवस्थामा देखिने चरम यातना एवं मृत्युदण्डसम्मको सन्त्रासको अभिव्यञ्जना यहाँ पाइन्छ । शासकका कठोर दण्ड र त्यसबाट वरण गर्नु पर्ने मृत्युलाई हाँक र चुनौती दिँदै वीरहरूले हाँसी हाँसी त्यागेको जीवनले उल्टै शासकहरू त्रस्त र कायर भएको निगूढ अर्थसमेत अभिव्यक्त भएको छ ।

## आत्मा, ईश्वर र माया

वेदान्त दर्शनको मुख्य विषय नै आत्मा, ब्रह्म र माया तत्त्व हो र पछि पुराणहरूमा ब्रह्मका स्थानमा जीवनको

उपास्य रूप ईश्वरको अधिक उपयोग भएको छ । उपनिषद्मा आत्मालाई उपासना गर्नु, अनुसन्धान गर्नु, ध्यान गर्नु नै मनुष्यको मुख्य कर्तव्य भएको उल्लेख गरिएको छ । देवकोटा 'वीरहरू' निबन्धमा वीरताको मुख्य पहिचान नै आत्मतत्त्वको बोध र ईश्वरको प्राप्तिलाई स्विकार्दछन् । वीर दायाँ, बायाँ गर्दैन, उसमा एक किसिमको जादू हुन्छ, अनन्तको मोहनी हुन्छ भनेर वीरको आत्मा र उसको प्राप्य तत्त्व ईश्वरत्व (विशालता) को महिमा निबन्धको विषय बनेको छ । देवकोटा माटो र मोतीको बिम्बबाट देह र आत्माको भिन्नता देखाउँछन् । वीरको त्याग र वलिदानलाई आत्माको उदात्तता र ईश्वरको अनन्तताको सादृश्यबाट बुझाउनुमा वीरताको महत्त्व अझ उज्ज्वल बनेको छ । आफूलाई बुझ्न र कर्तव्यपथमा निष्ठावान् हुन आत्मा र ईश्वरसम्बन्धी दार्शनिक आधारभन्दा वृहत् एवं गम्भीर सादृश्यमूलक चिन्तन देवकोटाले अर्को देखेनन्; जस्तो :

> हामी ऋणमा डुविरहेछौं ! दूधको भारा तिर्न हिचकिचाउनु कातरता हो । के तिमीलाई विश्वास छैन कि तिमी माटो होइनौ ? के अनन्त साठी वर्षको रालसिँगानभन्दा पर छैन ? उताको अनन्तता यताको बोक्रे झोक्राइमा खेर फाल्नु ! डुब नानी ! गहिराइले अतासिने मोतीहरूबाट व्यञ्चित छन् । तर हाय ! एक अनन्तको झिलमिलीले मलाई यतातिर तान्दछ ! म उठ्नु एक विशाल मायाजालबाट मुक्ति पाउनु छ ! कातर आत्मा मान्दैन !

देवकोटा यस गद्यांशमा ऋणको कुरा गर्दछन् । मानिसले जन्मदैको दुधको अभिभारा तिर्ने एकमात्र उपाय कर्तव्यपथमा अविचलित हुनु हो भन्ने उनको दृष्टि देखिन्छ र यसका निम्ति आत्मबोध र ब्रह्मबोधको उच्च चैतन्यबाहेक अर्को उपाय छैन भन्ने पूर्वीय ज्ञानमीमांसाको निष्कर्षलाई देवकोटा आत्मसात गर्दछन् । उपनिषद्को भनाइ छ :

इह चेदवेदीदथ सत्यमस्ति न चेदिहावेदीन्महती विनष्टिः ।

भूतेषु भूतेषु विचित्य धीरा : प्रेत्यास्माल्लोकादमृता भवन्ति ॥ केनोपनिषद्, २/५॥

अर्थात् मानवले जीवनमा ब्रह्म तत्त्वलाई जान्यो भने सत्यलाई जान्यो यदि जानेन भने ठुलो हानि हुन्छ । बुद्धिमानी मानिसहरू प्रत्येक प्रणीमा ब्रह्मतत्त्वको चिन्तन गरेर अन्त्यमा अमरत्व प्राप्त गर्दछन् ।

उपनिषद्को यस चिन्तनमा र देवकोटाका वीरहरूले बोध गरेको चिन्तनमा सादृश्य देखिन्छ । प्रत्येक प्राणीमा आत्मबोध गर्ने प्रेरणाबाट नै उत्प्रेरित वीर आफू सम्झिँदैन र अरूका निम्ति (व्यापक ब्रह्मका निम्ति) आफूलाई चढाउँछ । यसै बोधलाई देवकोटाले मोतीको संज्ञा दिएका छन् र साठी वर्से अल्पवयमा नै चैतन्यको गहिराइमा डुबेर यस प्रकारको मोती चुन्ने उत्प्रेरणा दिएका छन् । उपनिषद् सोझै ब्रह्म बोधको उपदेश दिन्छ र यो दर्शनको भाषा हो तर देवकोटा वीरलाई माध्यम बनाएर परोक्ष रूपमा आत्म चैतन्यको कुरा गर्दछन् र व्यञ्जनाका तहबाट मानव हुनुको उच्च चेत तथा कर्तव्यको बोध गराउँछन् ।

यस निबन्धमा शङ्करको मायालाई पनि वैचारिक स्रोत मानेको देखिन्छ । क्षणिक तथा नश्वर वस्तुलाई नै सबैथोक मानेर अविद्याको अन्ध गर्तमा डुब्ने वृत्तिलाई देवकोटा माया ठान्दछन् । दुई दिनको झिलमिलीमा भुल्नु नै भ्रम हो, माया हो भन्दै यस दुर्भेद्य मायाजाललाई आफ्नै उच्च आत्मचैतन्य बोधले काट्नु पर्ने पूर्वीय चिन्तनलाई देवकोटा स्विकार्दछन् । दैनिक जीवनका रागद्वेष युक्त सर्वविदित व्यवहार एवं चिन्तनबाट अविदितको यात्रा खोज्दै देवकोटा मानव जीवनलाई सांसारिक विषयभोगमा डुवाउनु नहुने र स्वर्गीय फिलिङ्गो चोरेर चैतन्य चोला सार्थक गर्नु पर्ने आत्मवादी चिन्तन व्यक्त गर्दछन् ।

## निष्कर्ष

दर्शन र साहित्य मानवीय चेतनाका बौद्धिक तथा रागात्मक क्षेत्रका उपज हुन् । यी दुवै वाङ्मयका भिन्न एवं प्राचीन विधाका रूपमा परिचित छन् र दुवैले मानवीय चेतनालाई परिष्कार परिमार्जन गरी उन्नत समाज निर्माणमा विशिष्ट भूमिका खेलेका छन् । यिनको पारस्परिक सम्बन्धले दुवै विधाको विकास र विस्तारमा भूमिका खेलेको कुरा दुवैको इतिहासका साक्षीबाट बुझ्न सकिन्छ। साहित्यको रागात्मकतालाई आत्मसात गरेर दर्शन पाठकका सामू हृद्य, संवेद्य वा सम्प्रेष्य बन्दै आएको छ भने दर्शनका जीवन र जगत्सम्बन्धी विषयलाई अन्तःगर्भित गरेर साहित्य विगत पाँच हजार वर्षदेखि यताको मानवीय बौद्धिक यात्रामा उत्तरोत्तर रागात्मकता सँगसँगै परिधीय रूपमा बौद्धिक तुष्टिसमेत गर्दै आएको छ । दर्शनका विषयलाई साहित्यिक कलामा व्यक्त गर्ने युक्तिहरूमा परोक्षात्मकता, रागात्मकता, अलङ्करण, कल्पनाशीलता, व्यञ्जनाधर्मिता, आत्मपरकता आदि छन् । यस प्रकारका युक्तिहरूले दर्शनका विषयलाई कलाको स्वरूप प्रदान गरेका छन् । यिनै युक्तिका आधारमा लक्ष्मीप्रसाद देवकोटाको 'वीरहरू' निबन्धलाई हेर्दा निबन्धरूप कला देखिन्छ भने यस कलाको वैचारिक धरातल पूर्वीय दर्शनले स्थापित गरेको देश, काल अतीत चेतन तत्त्व, ब्रह्मतत्त्व, असङ्कीर्ण वा अपार्थिव स्वर्गीय वैभव र मृत्युलाई पनि जित्ने वीरत्वपूर्ण जागृति देख्न सकिन्छ

## सन्दर्भ सामग्रीसूची


आनन्दवर्धन (सन् २००९). *ध्वन्यालोक* (पुनर्मुद्रण). वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

*Encyclopedia of religion (1953). Edenberg: T and T Clark.*

*केनोपनिषद* (२०६०). गोरखपुर : गीता प्रेस ।

कोलम्यान एन्ड्रयु एम/ Colman A. M. (2005). *Oxford Dictionary of Psychology*. New Work: Oxford University Press. .

गिरी, रामानन्द (२०५५). *जनक-दर्शन* (रामहरि तिमल्सिना, अनु.). भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र ।

त्रिपाठी, राममूर्ति (सन् १९९९). *भारतीय काव्यशास्त्र के नयो क्षितिज.* दिल्ली : राजकमल प्रकाशन ।

भरत (सन् २००२). *नाट्यशास्त्र.* दिल्ली : राष्ट्रिय संस्कृत संस्थान ।

भामह (सन् २००२). *काव्यालङ्कार.* वाराणसी : चौखम्बा संस्कृत सीरीज अफिस ।

माउटनर, थोमस/ Moutner, Thomas (2008). *A Dictionary of Philosophy UK*: Blackwell.

राधाकृष्णन (सन् २००८). *भारतीय दर्शन.* दिल्ली : राजपाल ।

विडोसन, पिटर/ Widdowson Peter (सन् १९९९). Literature. USA: Routledge।

विको, गियम्बाटिस्टा/ Giambattista Vico (1992). *The New Sciece*: Hazard Adams (Ed.) Critical Theory since Plato. New York: Hardcord Bras Jonobich College Publishers. (P. 290-297).

विश्वनाथ (सन् १९७७). *साहित्यदर्पण.* दिल्ली : मोतीलाल बनारसीदास ।

व्यास (सन् २०११). *श्रीमद्भागवद्गीता.* गोरखपुर : गीताप्रेस ।

स्लेगेल, फ्रेडरिक/ Friedrich Schlegel, Critical Fragment, Hazard Adams. (Ed.) *Critical Theory since plato*. New Work: Hardcord Bras Jonobich College Publishers. (P. 429-32).

हड्सन, विलियम हेन्री/ Hudson William Hennery (1991). *An introduction to the study of literature*. Delhi: Kalyani Publication.